फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

प.सं.२०७८/७९
च.नं.

मितिः-२०७७/०६/१७

# सूचना
## (सूचना प्रकाशित मिति : २०७८/०६/१७)

मंन्थली नगरपालिका पशु सेवा शाखाको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुरूप **दुधमा आत्मनिर्भर कार्यक्रम** (सुत्केरी भैसीलाई सुत्केरी स्याहार प्रोत्साहन भत्ता अनुदानमा उपलब्ध गराउने) अर्न्तरगत मंन्थली नगरपालिका भित्र स्थायी वसोवास गर्ने दर्ता भएका भैसिफार्म / समुह / कृषक हरूका लागि **गाई भैसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम संन्चालन कार्यविधि २०७३** को अधिनमा रहि (मिति २०७८/०४/०१ गते देखि यस सुचनाको अन्तिम समय अबधिसम्म सुत्केरी भएका) १२० गोटा भैसीहरूलाई सुत्केरी स्याहार प्रोत्साहन भत्ता अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदा यस मंन्थली नगरपालिकाको पशु सेवा शाखामा तपसिलका विवरण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८/०६/३१) भित्र आवश्यक कागजात सहित प्रस्ताव पत्र पेश गर्न हुन जानकारी गराईन्छ । मापदण्ड नपुगेका र म्याद पछि प्राप्त भएका, र बढिमा ३ (तीन) माउ भैसी भन्दा बढि संख्यामा प्राप्त भएका प्रस्तावहरू छनौट प्रक्रियामा समावेश गरिने छैन ।

तपसिल :

१) तोकिए अनुसारको ढांचामा निवेदन पत्र थान १ ।
२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र थान १ ।
३) सम्बन्धित भैसी धनी कृषकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी थान १ ।
४) मान्यता प्राप्त पशु विमा कम्पनीबाट भैसी बिमा गराएको पोलिसिको प्रतिलिपी १ ।
५) सुत्केरी भएको भैसीको (माऊ पाडा/पाडी सहितको) फोटो थान १ ।

**विस्तृत जानकारीको लागि : मन्थली नगरपालिका, पशु सेवा शाखा मंन्थली रामेछापमा सम्पर्क राख्नु होला ।**

प्रमुख प्रशासकीय अधिकृत

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

प.सं.२०७८/ ७९
च.नं.

मितिः-२०७७/०६/१७

## सूचना

(सूचना प्रकाशित मिति : २०७८/०६/१७)

मन्थली नगरपालिका पशु सेवा तर्फको आ.व.२०७८/०७९ को **दुधमा आत्म निर्भर कार्यक्रम (पशु विमा अनुदान कार्यक्रम)** अर्न्तरगत मन्थली नगरपालिका भित्र स्थायी वसोवास गर्ने दुध उत्पादन गरी डेरी उद्योगमा दुग्ध पदार्थ विक्रि वितरण व्यवसायमा संलग्न कृषक/फार्म/समुह/समिति/सहकारीहरूले व्यर्होरनुपर्ने प्रिमियम शुल्क अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेको हुदा यस मन्थली नगरपालिकाको पशु सेवा शाखामा तपसिलको विवरण सहित यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन (मिति २०७८/०६/३१) भित्र आवेदन प्रस्ताब पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u> :

१. मान्यता प्राप्त पशु विमा कम्पनीबाट विमा गराईएको पोलिसी प्रमाण पत्रको प्रतिलिपी ।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
३. तोकिएको ढांचामा लिखित निवेदन ।
४. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५. प्रति कृषक बढिमा ५ माउ/प्रति फार्म बढिमा १० माउ/प्रति समुह, सहकारी २५ माउ सम्म उन्नत गाई / भैसिको लागि मात्र यो अनुदान उपलब्ध गराईनेछ तथा व्याउने नभएका कोरली बाच्छि तथा थोरे पाडिहरू यस कार्यक्रममा समावेश गरिनेछैन ।
६. यो अनुदान प्राप्त गर्नको लागि सम्वन्धित कृषक/फार्म/समुह/सहकारीहरूले डेरी उद्योगमा दुध उत्पादन गरि दुग्ध विक्रि वितरण गरेको हुनुपर्नेछ । अन्यको हकमा छनौट प्रक्रियामा समावेश गरिनेछैन ।
७. सम्वन्धित कृषकले वढिमा रू.१,०००००। (एक लाख) भन्दा धेरै रकमको विमा गराएको भए सो भन्दा वढि प्रिमियम रकमको अनुदान उपलब्ध गराईनेछैन ।
८. रित नपुगेका वा समय नाघि प्राप्त भएका निवेदनहरू छनौट प्रक्रियामा समावेश गरिन छैन ।

विस्तृत जानकारीको लागि : मन्थली नगरपालिका, पशु सेवा शाखा मंन्थली रामेछापमा सम्पर्क राख्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत